राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

# विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

**विधेयकको नामः** लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१

**संशोधनको सूचना दर्ता गर्ने माननीय सदस्यहरू** (दर्ताको क्रमानुसार):

| दर्ता नं. | संशोधन प्रस्तावकर्ता | दर्ता नं. | संशोधन प्रस्तावकर्ता |
|---|---|---|---|
| ०१ | मा. देबेन्द्र दाहाल र मा. सोनाम गेल्जेन शेर्पा | ०२ | मा. तुल प्रसाद विश्वकर्मा |
| ०३ | मा. भगवती न्यौपाने | | |

**संशोधन प्रस्तावको विवरण** (दफाक्रमानुसार मिलाइएको)

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| १. | मा. देबेन्द्र दाहाल, मा. सोनाम गेल्जेन शेर्पा | ३ | (२) | | | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ६ मा थपिएको उपदफा (१क) मा प्रतिनिधि सभाबाट भएको संशोधनको बुँदा २ बाट थपिएका शब्दहरूमध्ये “क्षेत्रमा” भन्ने शब्दपछि "स्थानीय समुदाय," भन्ने शब्दहरू थप्नु पर्ने। |
| २. | मा. भगवती न्यौपाने | ३ | (२) | | | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ६ मा थपिएको उपदफा (१क) मा प्रतिनिधि सभाबाट भएको संशोधनको बुँदा २ बाट थपिएका शब्दहरूमध्ये “अन्य उद्योग व्यवसाय सञ्चालन गर्न सक्नेछ” भन्ने शब्दहरूको सट्टा "अन्य उद्योग व्यवसाय सञ्चालन गर्न दिन सकिनेछ" भन्ने शब्दहरू राख्नु पर्ने। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | प्रस्तावित संशोधनको व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/दफा | उपदफा | खण्ड | उपखण्ड | |
| ३. | मा. तुल प्रसाद विश्वकर्मा | २ | (२) र (३) | | | झिक्नुपर्ने। |
| ४. | मा. तुल प्रसाद विश्वकर्मा | ५ | (२) | (ख) | | झिक्नुपर्ने। |
| ५. | मा. तुल प्रसाद विश्वकर्मा | ८ | (१) | | | उपदफा (१) झिकी त्यसपछिको उपदफाक्रम मिलाउनु पर्ने। |
| ६. | मा. तुल प्रसाद विश्वकर्मा | ८ | (२) | | | वन ऐन, २०७६ को दफा ४३ को उपदफा (२) को सट्टा राखिएको उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "ढुङ्गा र माटो" भन्ने शब्दहरूको सट्टा "ढुङ्गा, माटो, नदीजन्य र खनिजजन्य पदार्थ" भन्ने शब्दहरू राख्नु पर्ने। |

क्र.सं. १ देखि ६ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

...............................

**(नारायण प्रसाद दाहाल)**

अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८१।०३।२३